# स्थानीय राजपत्र

## भाग-२ खण्ड ७ संख्या २

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

## नगर प्रमुख स्वरोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि

## २०८०

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)


बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या २, २७ बैशाख २०८०


**भाग–२**

# बागलुङ नगरपालिका

## बागलुङ

## नगर प्रमुख स्वरोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि

## २०८०

स्वेदेशमा रोजगारी तथा स्व-रोजगारीका अवसर तथा सम्भावना कम भएका कारण, वेरोजगारी समस्या वढ्दै गएको, सामान्य जीवन निर्वाहका लागि पनि वैदेशिक रोजगारी प्रतिको आर्कषण वढ्दै गएको र समाज क्रमशः युवा विहिन वन्दै जाने अवस्था देखिएको कारण बागलुङ नगरपालिका भित्रका गरिव विपन्न तथा वेरोजगार व्यक्तिहरुलाई रोजगारी तथा स्वरोजगारीका अवसरहरु सृजना गरी

वेरोजगारी घटाउदै लैजाने नीति बमोजिम बागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ वमोजिम यो **"नगर प्रमुख स्वरोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०"** स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भीक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम **"नगर प्रमुख स्वरोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०"** रहनेछ ।

(ख) यो कार्यविधि बागलुङ नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्भनु पर्छ

(ख) "नगरपालिका" भन्नाले बागलुङ नगरपालिकालाई सम्भनु पर्छ ।

(ग) "नगर प्रमुख" भन्नाले बागलुङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागलुङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

**३. नगर प्रमुख स्वरोजगार कार्यक्रमको उद्देश्य :** बागलुङ नगरमा वेरोजगारी समस्या वढ्दै गएको, सामान्य जीवन निर्वाहका लागि पनि वैदेशिक रोजगारी प्रतिको आर्कषण वढ्दै गएको र समाज क्रमशः युवा विहिन वन्दै जाने अवस्थालाई मध्यनजर गरी बागलुङ नगरपालिकाबाट स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सृजना गरी वेरोजगारी घटाउदै लैजाने यो कार्यक्रमको मुख्य उद्देश्य हुनेछ ।

## परिच्छेद - २

## स्वरोजगार सम्वन्धी व्यवस्था

**४. स्वरोजगार सम्बन्धी व्यववस्था :**

(१) बागलुङ नगरपालिका क्षेत्र भित्रका नगरवासीका लागि रोजगारी तथा स्वरोजगारीका अवसरहरु सृजना गर्नका लागि देहाय वमोजिमका सीप विकास सम्बन्धी तालिमको सुचना प्रकाशन गर्न सकिनेछ ।

(क) हेयर कटिङ तालिम

(ख) श्रृंगारिक तालिम

(ग) होमस्टे सञ्चालन सम्बन्धी तालिम

(घ) व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी तालिम

(ङ) सिकर्मि तथा डकर्मि तालिम

(च) टि.भि. तथा मोवाईल मर्मत तालिम

(छ) वेत तथा वाँसका सामग्री उत्पादन तथा हस्तकला सम्बन्धी तालिम

(ज) पूर्वाधार निर्माण सम्बन्धी तालिम (सम्बन्धित फिल्ड प्राक्टिकल)

(झ) अन्य आवश्यकता पहिचान भएका तालिम

(२) प्राप्त आवेदनहरुको अध्ययन गरी छनौट भएका सहभागिहरुलाई उद्यमको प्रकृति र आवश्यकताको आधारमा छोटो, मध्यम र लामो अवधिको सीप विकास तालिम संचालन गर्न सकिनेछ ।

**५. स्वरोजगार कार्यक्रमबाट उपलव्ध गराईने सुविधाहरु :**

(१) नगरप्रमुख स्वरोजगार कार्यक्रम मार्फत तालिम लिएका उत्कृष्ट सहभागिहरुले पेशा व्यवसाय सञ्चालन तथा प्रवर्धन गर्न चाहेका वा यस पूर्व यस कार्यालय मार्फत सीप विकास सम्वन्धी तालिम लिई पेशा व्यवसाय संचालन गर्न चाहेका वा कुनै तालिम नलिएता पनि

उदारणीय रुपमा पेशा व्यवसाय शुरु गरी सो व्यवसायलाई प्रवर्द्धन गर्न चाहेका उद्यमीहरुलाई देहाय बमोजिम सुविधा उपलब्ध गराउन सकिनेछ ।

(क) व्यवसायको प्रकृति हेरी बढीमा एक लाख रुपैया सम्म ऋृण उपलब्ध गराउन सकिने ।

(ख) व्यवसायलाई थप प्रवद्धर्न गर्नको लागि बढीमा एक लाख रुपैया सम्म मुल्य पर्ने प्रविधि हस्तान्तरण गर्न सकिने ।

(ग) व्यवसायको प्रकृति हेरी बढीमा दुई लाख रुपैया सम्म ऋृण उपलब्ध गराउन सकिने ।

**(२) कर्जा उपलब्ध गराउने आधारहरु**

(क) तालिम लिएकाहरुको हकमा सीप विकास सम्वन्धी तालिम प्राप्त गरेको हुनु पर्ने ।

(ख)नविनतम/उदारणीय पेशा व्यवसाय शुरुवात गरेको हुनु पर्ने ।

(ग) विपन्न तथा आर्थिक अवस्था कमजोर भएको अवस्थामा स्वः घोषणा र सोही व्यहोराको वडा सिफारिस संलग्न हुनु पर्ने ।

(घ) व्यवसायीक योजना संलग्न गरेको हुनु पर्ने ।

(ङ) पुरानो व्यवसाय विस्तार तथा प्रवर्धन गरेको भए सो व्यहोरा खुल्ने प्रमाण संलग्न गर्नु पर्ने ।

(च) व्यवसायमा लगानी गरेको विल भरपाई, फोटा आदी संलग्न गर्नु पर्ने ।

(छ) सुरु गरेको वा गर्न चाहेको व्यवसाय, उद्यम दिर्घकालीन रुपमा संचालन गर्ने पर्याप्त आधार पेश हुनु पर्ने ।

**(३) ऋणको सीमा, व्याज, हर्जना र किस्ताको सम्वन्धमा सञ्चालक समितिले मापदण्ड बनाउन सक्नेछ । तर एक आर्थिक वर्षमा व्याज तथा हर्जनाको दरमा परिवर्तन गरिने छैन ।**

## परिच्छेद - ३

## समिति सम्वन्धी व्यवस्था

**६. सञ्चालक समिति सम्वन्धि व्यवस्था :**

(१) यस कार्यविधिमा लेखिए बमोजिमको उद्यम तथा सीप विकास तालिम छनौट तथा सहभागि छनौट लगायतका कार्य गर्नका लागि देहाय बमोजिम सञ्चालक समिति रहने छ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उप-प्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | आर्थिक विकास समितिको संयोजक | सदस्य |

(ङ) कार्यपालिका सदस्यमध्ये संयोजकले तोकेको महिला सदस्य एक जना सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(छ) सिफारिस समितिको संयोजक सदस्य सचिव

समितिको बैठकमा स्थानीय घरेलु उद्योग कार्यालयका प्रमुख/प्रतिनिधि र स्थानीय उद्यमी व्यवसायीहरु/उवासंघको प्रतिनिधी वा विषय विज्ञलाई आवश्यकताको आधारमा आमन्त्रण गर्न सकिनेछ ।

**७. सञ्चालक समितिको काम कर्तव्य र जिम्मेवारी :**

(१) तालिमको विषयबस्तु निर्धारण र संचालनको व्यवस्था गर्ने ।

(२) ऋण तथा अनुदानको लागि दिएका निवेदन उपर छलफल, छानविन र स्वीकृत गर्ने ।

(३) अनुदान रकमको सिमा निर्धारण गर्ने ।

(४) ऋणको सीमा, व्याज, किस्ता र समय निर्धारण गर्ने ।

(५) अनुगमन गर्ने र सुझाव दिने ।

(६) स्वीकृत स्कीम अनुसारको कार्य नगरेको अवस्थामा अनुदान रकम फिर्ता तथा ऋण असुलीको प्रकृया अगाडि बढाउने ।

## ८. सिफारिस समिति

(१) यस कार्यविधिमा लेखिए बमोजिमको उद्यम तथा सीप विकास तालिम, ऋण तथा अनुदानको लागि आवश्यक छानवीन गरी सिफारिस गर्नको लागि देहाय बमोजिम सिफारिस समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको खरिद शाखा, लेखा शाखा, प्राविधिक, रोजगार, उद्यम तथा सामाजिक परिचालन शाखामा कार्यरत कर्मचारी मध्ये ४ जना — सदस्य

(ग) कार्यक्रमको सम्पर्क व्यक्ति — सदस्य सचिव

बैठकमा सम्वन्धीत वडाका वडा अध्यक्षहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

## ९. सिफारिस समितिको काम कर्तव्य र जिम्मेवारी :

(१) तालिमको विषयबस्तु निर्धारण र संचालनको सिफारिस गर्ने ।

(२) ऋण तथा अनुदानको लागि दिएका निवेदन उपर छलफल, छानविन गरी सिफारिस गर्ने ।

(३) अनुदान रकम र ऋणको सिमा निर्धारणको लागि सिफारिस गर्ने ।

(४) स्वीकृत स्कीम अनुसारको कार्य नगरेको अवस्थामा अनुदान रकम फिर्ता तथा ऋण असुलीको प्रकृयाको लागि सिफारिस गर्ने ।

(५) सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद - ४

## तालिम संचालन सम्वन्धी व्यवस्था

### १०. सुचना प्रकाशन गर्नु पर्ने :

(१) नगर प्रमुख स्वरोजगार कार्यक्रमको लागि तालिम संचालन गर्नु पूर्व समितिको निर्णय बमोजिम नगर कार्यपालिका कार्यालयवाट कम्तीमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

(२) म्याद भित्र पर्न आएका दरखास्त संचालक समितिले छानविन गरी छनौट गर्नु पर्नेछ ।

(३) समितिबाट स्वीकृत भएपछि तालिमका लागि सिफारिश गरिनेछ ।

### ११. कार्यक्रममा समावेश हुनका लागि आवश्यक योग्यता

(१) नगर प्रमुख स्वरोजगार कार्यक्रममा सहभागि हुनका लागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) बागलुङ नगरपालिका क्षेत्र भित्रको स्थायी बासीन्दा भएको हुनु पर्नेछ ।

(ख) १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) कुनै कानुनले अयोग्य नभएको हुनु पर्नेछ ।

(२) तालिम लिई सकेपछि सोहि वमोजिमको पेशा व्यवसाय गर्न ईच्छुक भएको र कम्तिमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र समेत दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**१२. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**

(१) नगर प्रमुख स्वरोजगार तालिममा सहभागि हुन चाहने व्यक्तिले दरखास्त फाराम र फराम साथ देहाय वमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको स्वयंद्धारा प्रमाणित प्रतिलिपि

(ख) सम्बन्धित वडाको सिफारिश

(घ) तालिम लिन ईच्छुक, तालिम पछि कम्तिमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र

(ङ) स्थायी बसोवास प्रमाणित हुने कागजप्रमाण ।

**१३. तालिम सम्बन्धी व्यवस्था**

(१) नगर प्रमुख स्वरोजगार तालिममा छनौट भएका व्यक्तिलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वा अन्य सरकारी तालिम प्रदायक संस्थाको स्वीकृत पाठ्यक्रम/मापदण्ड वमोजिम पहिलो तहको तालिम उपलव्ध गराईने छ।

(२) तालिमको व्यवस्थाको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको प्रदेश कार्यालय पोखरा लगायतका अन्य सरोकारवाला सरकारी कार्यालय, संघ संस्थासंग आवश्यकता अनुसार समन्वय गरिनेछ।

(३) तालिम कार्यक्रम संचालन गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वा अन्य सरकारी तालिम प्रदायक संस्थासंग आवश्यक समन्वय एवं साझेदारीमा तालिम संचालन गर्न सकिनेछ।

## परिच्छेद - ५

## विविध

### १४. समन्वय र सहकार्य

(१) नगर प्रमुखसंग नगर प्रमुख स्वरोजगार कार्यक्रमलाई प्रभावकारी वनाउन प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद प्रदेश कार्यालय पोखरा, पर्यटन, घरेलु तथा साना उद्योग कार्यालय बागलुङ

र अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**१५. यसै कार्यविधि बमोजिम भए गरेको मानिने :** नगर प्रमुख स्वरोजगार कार्यक्रम अन्तर्गत यो कार्यविधि लागु हुनुभन्दा अगाडि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१६.व्याख्या :**यस कार्यविधिमा लेखिएका प्रावधानहरुमा कुनै असपष्टता आएमा नगर कायपालिकाले गरेको व्याख्या अन्तिम हुने छ ।

**१७. संशोधन**

(१) यो कार्यविधिमा समय सापेक्ष हेरफेर, थपघट तथा संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले संशोधन गर्नेछ ।

प्रमाणीकरण मिति : २०८० बेशाख २७ गते

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत